**नगर प्रमुख श्री रमेश महर्जनबाट पेश भएको प्रस्तावहरु उपर सभामा बुदाँगत रुपमा गहन छलफल गरी नगरकार्यपालिका र नगर प्रमुखलाई कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।**

**<u>निर्णय नं.१</u>**

चालु आर्थिक वर्ष २०७५/०७६ को तेस्रो नगरसभाबाट पारित आर्थिक ऐन, २०७५ र विनियोजन ऐन, २०७५ मा उल्लेखित अनुमानित आय रु. १,००,२७,३०,०००/- (एक अर्व सत्ताईस लाख तिस हजार मात्र) मध्ये विभिन्न निकाय (नेपाल सरकार, प्रदेश सरकार र अन्य) बाट प्राप्त भएको अख्तियारी तथा प्रतिवद्धता समेतका आधारमा संशोधित आय र व्यय (चालु तथा पूँजीगत) अनुमान रु. ८३,०३,००,०००/- (रु. त्रियासी करोड तिन लाख मात्र) पारित गरियो ।

**<u>निर्णय नं.२</u>**

तेस्रो नगरसभावाट स्वीकृत चालु आर्थिक वर्ष २०७५/०७६ को चालु खर्च तर्फ ब.शि.न. ३.०४ को सामाजिक सुरक्षा कार्यक्रम अनुदान शिर्षकमा विनियोजित रु.६,००,००,०००/- (रु. छ करोड मात्र) मध्येबाट ब.शि.न. १.०१.१ को नपा कर्मचारी तलव शिर्षकमा रु. ९,७५,०००/- (नौ लाख पचहत्तर हजार मात्र), ब.शि.न. १.०१.५ को नगर प्रहरी तथा अन्य प्राविधिक जनशक्ति व्यवस्थापन शिर्षकमा रु.५,००,०००/-( रु. पाँच लाख मात्र) , ब.शि.न. १.०९ को सामाजिक परिचालन खर्च (एल.जि.सि.डि.पि. चालु) शिर्षकमा रु. ३,००,०००/- (रु. तिन लाख पच्चिस हजार मात्र), ब.शि.न. २.०५ को मर्मत तथा संभार शिर्षकमा रु. पाँच लाख मात्र र ब.शि.न. २.०६.१ को सवारी ईन्धन (पदाधिकारी)शिर्षकमा रु.२,००,०००/-(रु. दुई लाख मात्र) सहित कुल रु. २५,००,०००/- (रु. पच्चीस लाख मात्र) विनियोजन ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम कुल चालु खर्च तर्फ विनियोजित बजेट रु. ३३,२३,००,०००/- (रु. तेतिस करोड तेईस लाख मात्र) मा नवढ्ने गरी रकमान्तर गर्ने साथै पुँजीगत खर्च शिर्षकमा विनियोजित बजेटबाट देहायका योजना तथा कार्यक्रममा रु. ३,१४,२५,०००/- (रु. तिन करोड चौध लाख पच्चिस हजार मात्र) पूँजीगत शिर्षकमा रकमान्तर गरी देहायका योजना तथा कार्यक्रमहरु संशोधन सहित कार्यान्वयन गर्न नगर कार्यपालिकालाई स्वीकृति दिने निर्णय गरियो ।

## संशोधित योजना तथा कार्यक्रमहरु

रु.हजारमा

| सि.न. | स्वीकृत योजना/कार्यक्रम | संशोधित योजना / कार्यक्रम | न.पा. वाट व्यहोरिनेस्वीकृत रकम | संसोधित रकम | रकमान्तर |
|---|---|---|---|---|---|
| १ | पर्यटन सुचना केन्द्र स्थापना | पर्यटन सुचना केन्द्र तथा सार्वजनिक पुस्तकालय भवन निर्माण वडा नं १० नयाँबजार | ७०० | ५००० | ४३०० |
| २ | पर्यटन प्रवर्द्धन कार्यक्रम | - | ५०० | १५०० | १००० |
| ३ | - | नगरपालिकास्थापना दिवस | - | - | ३५०० |
| ४ | - | मुर्तीकार्यशाला गोष्ठि र पार्क निर्माण | - | - | १००० |
| ५ | - | कीर्तिपुरनयाँबजार रंगरोगन कार्यक्रम | - | - | १५०० |
| ६ | नेपालभाषा एकेडेमी अध्ययन, अनुसन्धान, प्रकाशन तथा हल व्यवस्थापन (पुँजीगत अनुदान) | - | १००० | १५०० | ५०० |
| ७ | - | जलविनायक प्रावि रेट्रोफिटिङ तथा मर्मत वडा नं ६ | - | १००० | १००० |
| ८ | - | विश्वराष्ट्र मा.वि. मर्मत सम्भार, वडा नं. ३ | - | ५०० | ५०० |
| ९ | - | सार्वजनिक शैक्षिक गुठि विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | - | १००० | १००० |
| १० | - | अति विपन्न परिवार स्वास्थ्य उपचार सहयोग कार्यक्रम | - | ५०० | ५०० |
| ११ | - | कीर्तिपुर आँखा अस्पताल अनुदान, वडा नं १० | - | ५०० | ५०० |
| १२ | - | प्राचिन वाघभैरव मन्दिर पुनर्निमाण | - | १००० | १००० |
| १३ | तामाङ समाज उत्थान विकास कार्यक्रम (वडा नं. ४) | तामाङ समाज उत्थान विकास योजना/ कार्यक्रम (वडा नं. ४) | १००० | १००० | ० |
| १४ | खेलकुद सामाग्रीवितरण | | ३१९ | ९४४ | ६२५ |
| १५ | - | ईन्द्रायणी खेलमैदान निर्माण तथा स्तरोन्नती, वडा नं २ | - | ३००० | ३००० |
| १६ | - | चारघरे खेलमैदान निर्माण , वडा नं ६ | - | १००० | १००० |

| सि.न. | स्वीकृत योजना/कार्यक्रम | संशोधित योजना / कार्यक्रम | न.पा. वाट व्यहोरिनेस्वीकृत रकम | संसोधित रकम | रकमान्तर |
|---|---|---|---|---|---|
| १७ | EBPS व्यवस्थापन तथा अद्यावधिक र अन्य सफ्टवेयर खरिद कार्यक्रम | EBPS व्यवस्थापन तथा अद्यावधिक र अन्य सफ्टवेयर खरिद कार्यक्रम साथै EBPS आयोजना संचालन | १५०० | ३००० | १५०० |
| १८ | यान्त्रिक साधन तथा सवारी साधन मर्मत संभार | - | २००० | ३००० | १००० |
| १९ | यँचो - भाजंगल वाकी खण्ड (क्रमागत) | - | ४००० | ५५०० | १५०० |
| २० | ताँल्चा - कीर्तिपुर गेट सडकपेटी र बाटो मर्मत (क्रमागत) | - | ५००० | ७५०० | २५०० |
| २१ | सागल - हिटिफ - मुलखुशी | - | ५००० | ६००० | १००० |
| २२ | चारधारा - चारघरे बाटो विस्तार सुधार | - | २००० | ४००० | २००० |
| २३ | कीर्तिपुर नगरपालिका साझेदारी जग्गा एकिकरण कार्यक्रम | - | १५०० | - | १००० |
| **जम्मा** | | | | | ३,१४,२५ |

**<u>निर्णय नं.३</u>**

आर्थिक ऐन, २०७५मा नगरसभाबाट पारित चालु आ.व. २०७५/०७६ को सेवा शुल्क, कर दस्तुरको दररेटमा होमस्टे व्यवसायको दर निर्धारण नभएको र होमस्टे लगायत पर्यटन प्रवर्द्धन गर्ने यस नगरपालिकाको लक्ष्य एवं बजेट तथा कार्यक्रम समेतलाई विचार गरी उक्त व्यवसायलाई वार्षिक रु. ७५०/- (रु. सात सय पचास मात्र) व्यवसाय कर निर्धारण गर्ने साथै कीर्तिपुर नगरपालिका राजस्व सुदृढिकरण कार्ययोजना तर्जुमा गरी उक्त कार्ययोजनाका आधारमा देहाय वमोजिमका राजस्व सम्वन्धि ऐन तथा कार्यविधिहरु तयार गरि कार्यान्वयन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

अ) कर तथा गैरकर राजस्व ऐन तर्जुमा

आ) घर बहाल कर कार्यविधि तर्जुमा

इ) आर्थिक ऐन पुनरावलोकन

**<u>निर्णय नं.४</u>**

यस नगरपालिकाको नक्सा पास प्रकृयालाई थप सहज, सरल र प्रभावकारी बनाउनका लागि तयार भएको **"कीर्तिपुर नगरपालिका विद्युतिय नक्सा पास कार्यान्वयन आयोजना - I (KMEBPSIP - I)"** पारित गरी कार्यान्वयनको जिम्मेवारी नगरकार्यपालिकालाई दिने निर्णय गरियो।

**<u>निर्णय नं.५</u>**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबललाई उच्च राख्दै सेवा प्रवाहलाई नागरिक मैत्री र प्रभावकारी बनाउन तपशिल बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

(क) कर्मचारी प्रोत्साहन भत्ता वापत २०७५ साउन महिनादेखि नै लागु हुने गरी नगरपालिकाका स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुलाई सम्वन्धित पदको शुरु तलव स्केलको १०% का दरले उपलव्ध गराउने ।

(ख) कर्मचारी स्वंयले सम्पादन गरेका कार्यहरु र निर्वाह गरेको जिम्मेवारीको लिखित प्रगति प्रतिवेदन प्रत्येक महिनाको २५ गतेभित्र पेश भएको आधारमा २०७५ फाल्गुण महिनाको १ गतेदेखि लागु हुने गरी कार्यसम्पादनमा आधारित रहेर थप ५% र तोकिएको थप जिम्मेवारी सम्पादन गरेबापत ५% निम्न समितिको मुल्यांकन र सिफारिसका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

अ) नगर प्रमुख श्री रमेश महर्जन - संयोजक
आ) उप-प्रमुख श्री सरस्वती रिजाल (खड्का) - सदस्य
इ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(ग) वडा समितिको कार्यालयमा कार्यरत कर्मचारीको हकमा सम्वन्धित वडा समितिवाट सिफारिस पश्चात उल्लेखित मुल्यांकन समितिको सिफारिसका आधारमा प्रोत्साहन भत्ता उपलव्ध गराउने।

(घ) अन्य सेवा र विषयगत निकायका कर्मचारीहरुको हकमा नगरपालिकामा पूर्णरुपमा समायोजन भई आएपछि प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

**निर्णय नं.** ६

यस नगरपालिकाको सम्पदा क्षेत्रमा पर्यटन व्यवसाय प्रवर्द्धनका लागि होटेल, व्यवसाय सञ्चालनका लागि भवन निर्माण गर्न चाहेमा आवश्यक IEE रिपोर्ट सहित भवनको अधिकतम उचाई १७ मि. मा ननाघ्ने गरी प्राविधिक समितिको सिफारिसमा सम्पदा क्षेत्रलाई वाधा नपर्ने गरी नगरकार्यपालिकाद्वारा निर्धारित मापदण्डका आधारमा भवन निर्माण ईजाजत दिने निर्णय गरियो।

**निर्णय नं.** ७

गत आर्थिक वर्ष २०७४/०७५ मा संचालन तथा कार्यान्वयन भई सम्पन्न भएका सम्पूर्ण योजना / कार्यक्रमहरुको फरफारक गरियो ।

**निर्णय नं.** ८

यस नगरपालिकाको गत आर्थिक वर्ष २०७४/०७५ को विनियोजन/राजश्व/धरौटी तथा अन्य कारोबारको आर्थिक विवरण तथा सो सँग सम्बन्धित कागजपत्र र विवरणहरु समेतको परीक्षण गरी श्री महालेखापरीक्षकको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन निर्देशनालयको प.सं. २०७५/०७६ च.नं ६३२ मिति २०७५/०८/०५ को पत्र साथ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पेश भएको र यस नगरपालिकाको प.सं. २०७५/०७६ च.नं ८५४ मिति २०७५/०९/१० को पत्रबाट सो लेखापरीक्षण प्रतिवेदन उपर संक्षिप्त प्रत्युत्तर साथ संपरीक्षण गरी अन्तिम लेखा परीक्षण प्रतिवेदन उपलब्ध गराईदिन श्री महालेखापरीक्षकको कार्यालययमा अनुरोध भएको सम्बन्धी व्यहोरा नगरसभा समक्ष प्रस्तुत हुदाँ सो उपर छलफल गरी प्राप्त सुझाव, उपलब्ध गराईएको प्रत्युत्तर मुताविक वेरुजु फछ्र्यौट गर्ने जिम्मेवारी नगरकार्यपालिकालाई दिने निर्णय गरियो साथै विगत आर्थिक वर्ष २०७३/०७४ को लेखापरीक्षण प्रतिवेदनको वेरुजु फछ्र्यौट सम्बन्धी कार्वाही अघि बढाउन समेत नगरकार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.</u>** ९
नगर प्रमुख स्तरिय निर्णयहरु र नगरकार्यपालिकाबाट भएका निर्णयहरुलाई अनुमोदन गरियो ।

**<u>निर्णय नं.</u>** १०
यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्दै गुणस्तरीय सेवा प्रवाहमा अझ बढी प्रभावकारी भूमिका निर्वाह गर्नका लागि प्रोत्साहन गर्न सकियोस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८५ बमोजिम स्वतः समायोजन भैसकेको सन्दर्भमा कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ ले कर्मचारी समायोजन सम्बन्धमा पूनः व्यवस्था गरेको तर तह मिलान सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको हुदाँ स्थानीय सरकारको महत्वपूर्ण अंगका रुपमा रहेको स्थानीय कर्मचारीहरुको उच्च मनोबललाई कायम राख्दै गुणस्तरीय सेवा प्रवाहमा अझ बढी प्रभावकारी भुमिका निर्वाह गरी राख्ने प्रेरणा मिलोस् र तीनै तहका सरकारका कर्मचारीहरुका बीच विभेद नरहोस् भन्ने हेतुले कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ७ को उपदफा ४ बमोजिमको मापदण्डका आधारमा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह मिलान गर्ने जिम्मेवारी नगरकार्यपालिकालाई दिने निर्णय गरियो ।

**<u>निर्णय नं.</u>** ११
**" साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर "**
**" स्वच्छ, हराभरा , समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर "**
भन्ने दीर्घकालिन सोचलाई साकार पार्न तयार गरिएको **<u>"कीर्तिपुर पर्यटन रणनीतिक गुरुयोजना, २०७५"</u>** स्वीकृत गरी सो को कार्यान्वयन गर्ने जिम्मेवारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं.** १२

कीर्तिपुर प्रवेशद्वारको दक्षिण तर्फ शौचालय रहेको स्थानमा नगर पर्यटन सूचना केन्द्र तथा पुस्तकालय निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो।

**निर्णय नं.** १३

तत्कालीन ८ गाविस ( लायकु, चिठु विहार, पालिफल, बाहिरी गाँउ, पाँगा बालकुमारी, पाँगा विष्णुदेवी, चम्पादेवी र चोभार भुतखेल ) मिलाई २०५३ साल चैत्र १४ गते तत्कालीन सरकारद्वारा गठीत यस कीर्तिपुर नगरपालिका स्थापना भएको गौरबपूर्ण दिनको स्मरण गर्दै प्रत्येक वर्षको चैत्र १४ गतेका दिनलाई **"नगर स्थापन दिवस"** घोषणा गर्ने र विविध कार्यक्रमका साथ भव्यरुपमा नगर स्थापना दिवस मनाउने निर्णय गरियो ।

**निर्णय नं.** १४

२०४६ सालको ऐतिहासिक जनआन्दोलनमा यस कीर्तिपुर क्षेत्रबाट शहादत प्राप्त गर्ने ४ (चार) जना वीर शहिदहरु (राजमान माली, राजेन्द्र महर्जन, हिराकाजी महर्जन र लन बहादुर महर्जन) को सम्झनामा प्रत्येक वर्ष चैत्र २० गते विभिन्न कार्यक्रमका साथ स्थानीय शहिद दिवस मनाउने र शहिद स्मृति सम्वन्धी विभिन्न क्रियाकलाप/कार्यक्रम आयोजना गर्न कार्यरत शहिद स्मृति व्यवस्थापन समिति, कीर्तिपुर र कीर्तिपुर क्षेत्रका प्राचीन, ऐतिहासिक धरोहरको रुपमा रहेको तनःनी देवी प्याखं (देवी नृत्य) लाई चिरकाल पर्यन्त निरन्तरता दिन सकियोस् भन्ने अभिप्रायले अक्षयकोष स्थापनार्थ बजेट विनियोजन गर्ने र तद्सम्वन्धी अक्षयकोष सञ्चालन कार्यविधि बनाउने जिम्मेवारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।